# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०९।१७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला सर्लाही, प्रहरी चौकी त्रिभुवननगरमा कार्यरत प्रहरी नायब निरीक्षक राजेशकुमार सिंह र ऐ. प्रहरी चौकीका घुमुवासमेतमा काम गर्ने प्रहरी जवान मनोजकुमार यादवले भारतीय सीमा नाकाबाट नेपालतर्फ घरायसी सामान भित्र्याउने काममा सहज गराई दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिई गएको टोलीले निजहरु राजेशकुमार सिंह र मनोजकुमार यादवलाई सेवाग्राहीबाट रु.५०,०००।-(पचास हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा प्रहरी चौकी त्रिभुवननगर, सर्लाहीमा कार्यरत प्रहरी नायब निरीक्षक राजेशकुमार सिंह र प्रहरी जवान मनोजकुमार यादवले सेवाग्राहीसँग नेपाल-भारत सीमा बजारबाट घरायसी सामान खरिद गरी ल्याउँदा सामान ओसारपसार गरेवापत रु. ५०,०००।- घुस रकम माग गरेको र रकम नदिएमा लागूऔषध मुद्दा चलाउने भनी धाकधम्की दिई कुटपिटसमेत गरेको तथा उक्त रकम प्रहरी नायब निरीक्षक राजेशकुमार सिंहसमेतले माग गरी निजले लिन पठाएबमोजिम प्रहरी जवान मनोजकुमार यादवले रकम लिएको प्रमाणित भएकोले यी दुवै आरोपीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले निजहरु राजेशकुमार सिंह र मनोजकुमार यादवलाई बिगो रु. ५०,०००।— (पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला